बैठक संख्या : ०८२/०८३/१३

आज मिति २०८२/११/०४ गते सोमबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान :११.०० बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री विष्णु माया लुङ्गेली | उपाध्यक्ष | |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | |
| ४. | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान गाहा | सदस्य | |
| ८. | श्री युव बहादुर ठाडा मगर | सदस्य | |
| ९. | श्री जग बहादुर दर्लामी | सदस्य | |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | |
| १२. | श्री मगली कुमाल | सदस्य | |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा चिदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | |
| १७. | श्री सुन्दर प्रसाद श्रेष्ठ | सचिव | |
| | आमन्त्रित: | | |
| १८. | श्री जित कुमारी ढेगा | | |
| १९. | श्री रिकायम बन्याल | | |
| २० | देवी सरा आले | [illegible] | |
| | | | |
| | | | |

# कार्यपालिकाको तेह्रौ बैठकको प्रस्ताव तथा निर्णयहरुः-

मिति २०८२/११/०४

प्रस्तावहरुः-

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्वन्धमा।
२. मगर एकता दिवस कार्यक्रम सम्वन्धमा।
३. स्थानीय विदा सम्वन्धमा।
४. कक्षा ८ थप अनुमति सम्वन्धमा।
५. बालमैत्री स्थानीय शासन कार्यक्रम सम्बन्धमा।
६. बालमैत्री सम्पर्क व्यक्ति सम्वन्धमा।
७. नारी दिवस कार्यक्रम सम्वन्धमा।
८. राहत/आर्थिक सहयोग सम्वन्धमा।
९. विविध।

निर्णयहरुः-

१. गाउँकार्यपालिकाको यस अघिको बैठकबाट भएका निर्णय कार्यान्वयन सम्वन्धमा बैठकमा छलफल गरियो। कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु शिघ्र कार्यान्वयन गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो।

२. आर्थिक वर्ष २०८२/०८३ को मगर एकता दिवस कार्यक्रम २०८२ फाल्गुण १५ गते माथागढी-३ सराईमा भव्यताका साथ मनाउने र सो कार्यक्रमको व्यवस्थापन तथा संयोजन गरी कार्य सम्पन्न गर्न नेपाल मगर संघ माथागढी गाउँ समिति पाल्पालाई जिम्मेवारी तोकी प्रपोजल पेश गर्न लगाउने सर्वसम्मतिले निर्णय गरियो।

३. ४४ औं मगर एकता दिवस २०८२/११/१५ गते भव्य र सभ्य तरिकाले मनाउन माथागढी गाउँपालिका क्षेत्र भित्रका सरकारी. कार्यालय वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरुमा स्थनीय विदा दिने सर्वसम्मतीले निर्णय गरियो।

४. माथागढी गउँपालिका वडा नं. १ स्थित ज्ञानोदय आधारभूत विद्यालय माथागढी-१ चिदीपानीले आगामी शैक्षिक सत्र २०८३ देखि कक्षा ८ को अनुमति माग गरेको र सो सम्बन्धमा माथागढी गाउँ शिक्षा समितिको निर्णयानुसार सिफारिस भई आएकोले गाउँ शिक्षा ऐन २०७५ बमोजिम शिक्षा शाखाद्वारा विद्यालयको स्थलगत अनुगमन गरी सवै मापदण्ड पुरा भएको खण्डमा शैक्षिक सत्र २०८३ बाट लागु हुनेगरी नियमानुसार कक्षा ८ थप अनुमति दिने सकिने व्यहोरा सर्वसम्मतीले निर्णय गरियो।

५. माथागढी गाउँपालिकामा बालमैत्री स्थानीय शासन लागू गर्न/गराउन आठै वटा वडामा कार्यान्वयन गर्ने/गराउने सर्वसम्मतीले निर्णय गरियो। साथै मिति २०८२/१०/२७ गते पुर्नगठित बालमैत्री स्थानीय शासन गाउँ समितिलाई अनुमोदन गर्ने सर्वसम्मतीले निर्णय गरियो। सोही दिन निर्माण भएको नतिजामुखी कार्ययोजना समेत सर्वसम्मतीले अनुमोदन गर्ने निर्णय गरियो।

६. बालमैत्री कार्यक्रमको सम्पर्क व्यक्ति गाउँपालिकामा कार्यरत सहायक पाँचौ तहको कर्मचारी श्री प्रकाश पाठकलाई तोक्ने सर्वसम्मतीले निर्णय गरियो।

७. नारी दिवस (८ मार्च) कार्यक्रम भव्य र सभ्यताका साथ आठै वडामा कार्यक्रम आयोजना गरी मनाउने र प्रत्येक वडालाई रु.२५,०००/- कार्यक्रम सम्पन्न भई बिल भरपाई प्राप्त भए पछि उपलब्ध गराउने सर्वसम्मतीले निर्णय गरियो।

८. माथागढी गाउँपालिका अर्न्तगत देहायका व्यक्तिलाई देहाय बमोजिम राहत उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

| क.स | नाम, थर | ठेगाना | विवरण | राहत रकम |
|---|---|---|---|---|
| १ | मनिलाल बराल | माथागढी-७ | घर आगलागी | रु.१०,०००/- |